प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७६/७७ को लागि श्री वेष्टर्न हेल्थ साइन्स एकेडेमी, पोखरा, कास्कीमा डिप्लोमा इन फार्मेसी कार्यकममा पुर्ण शुल्कीय तर्फ भर्नाका लागि निवेदन दिने सम्वन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७६।०५।१४ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट शैक्षिक शत्र २०७६/०७७ का लागि डिप्लोमा इन फार्मेसी कार्यक्रम संचालन गर्ने गरी सम्वन्धन/स्वीकृति पाएका तपसिलका शिक्षण संस्थमा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति बाहेकका तोकिएका कोटामा प्रा.शि.तथा व्या.ता.परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७६।०४।२२ गते संचालित पुर्ण शुल्कीय प्रवेश परीक्षाको पुर्ण शुल्कीय लक्षित बर्ग, प्राविधिक एस.एल.सी(सिएमए) र पुर्ण शुल्कीय खुला कोटामा सोही कोटाको उत्तीर्ण सूची (Alternative/Cut off/Pass list) मा रहेको परीक्षार्थीहरु मध्येबाट प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्तांकको योग्यताकमका आधारमा छनौट गरी बिद्यार्थी भर्ना गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित मितिले ७ दिन(मिति २०७६।०५।२२) कार्यालय समय भित्र सम्वन्धित इच्छुक परीक्षार्थीहरुले आफुले अध्ययन गर्न चाहेको शिक्षण संस्थाको नाम उल्लेख गरी परिषद्को गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की वा श्री वेष्टर्न हेल्थ साइन्स एकेडेमी, पोखरा, कास्कीमा प्रवेश पत्रको प्रतिलिपी र परिषद्को वेभसाइटमा राखिएको नतिजा सिट संलग्न राखी निवेदन दर्ता गराउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भर्ना प्रकृया सम्वन्धी निर्देशन :**

१. डिप्लोमा इन फार्मेसी कार्यक्रम तर्फ अध्ययनका लागि सोही कार्यक्रमको मुलुकभरी संचालन भएको प्रवेश परीक्षामा उत्तीर्ण सूची (Alternative/Cut off/Pass List) मा रहेका परीक्षार्थीहरु मात्र योग्य हुनेछन । डिप्लोमा इन फार्मेसी कार्यक्रममा मुख्य परीक्षार्थीको रुपमा अन्य शिक्षण संस्थामा सिफारिश गरिएका परीक्षार्थीहरुलाई यस भर्ना कार्यक्रममा समावेश गराइने छैन । यदि त्यस्ता परीक्षार्थी भर्ना भएको पाइएमा भर्ना रद्ध गरिनेछ ।

२. मिति २०७६।०५।२२ गते कार्यालय समय भित्र दर्ता हुन आएका निवेदनहरु संकलन गरी प्रवेश परीक्षाको प्राप्तांक सहित सिफारिश गरिएका मुख्य परीक्षार्थी र बैकल्पिक परीक्षार्थीको योग्यताकमको सुची तयार गरी प्रकाशित गरिनेछ ।

३. भर्ना गरिएका परीक्षार्थीहरुको विवरण तथा तोकिएको बिज्ञापन शुल्क बापतको रसिद भर्ना समाप्त भएको १५ दिन भित्र परिषद्को प्रदेश कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. भर्ना सम्वन्धी निर्देशिका २०७४(दोश्रो संशोधन) बमोजिम कोटाहरुको बांडफांड गरी मुख्य र बैकल्पिक परीक्षार्थी छनौट गरी भर्नाका लागि सम्वन्धित प्रदेश कार्यालयले सिफारिश गरी पठाउनेछ ।

५. बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाको हकमा सम्वन्धित प्रदेश कार्यालयले परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०७६।०५।१८ गते संचालन गरेको सम्वन्धित प्रदेशको कार्यक्रमको बर्ग कोटाको बैकल्पिक/पासलिष्ट उम्मेदवारहरुबाट योग्यताकमानुसार छनौट गरी मुख्य परीक्षार्थीको रुपमा सिफारिश गरी मिति २०७६।०५।१९ गते पश्चात पठाउनेछ ।

**तपसिल :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | कैफियत |
|---|---|---|---|---|
| १. | श्री वेष्टर्न हेल्थ साइन्स एकेडेमी, पोखरा, कास्की | डिप्लोमा इन फार्मेसी | ४० | |

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**